# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

०७५- ६९१०२५
०७५- ६९२३४३
V9G8+73

च.न.
प.स. २०७७/२०७८

मिति:२०७८/०१/१५

## अत्यन्त जरुरी सूचना

विगत केही दिन यता विश्वमा फैलिँदै गइरहेको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ को संक्रमण पाल्पा जिल्लामा समेत तीव्र रुपमा बढिरहेकोले सो को रोकथाम तथा नियन्त्रणका लागि पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८/०१/१५ मा जारी भएको आदेशका सम्बन्धमा सबैलाई विदितै छ।

यस रैनादेवी छहरा गाउँपालिकाबाट मिति २०७८/०१/१४ मा १०९ वटा स्वाब परीक्षणका लागि पठाइएकोमा प्राप्त ५८ वटा स्वाबको रिपोर्ट मध्ये ३० जनाको रिपोर्ट पोजिटिभ आएको हुँदा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस गाउँपालिकाको मिति २०७८/०१/१५ गते बसेको गाउँपालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट तपसिल बमोजिमको निर्णय भएकोले सोही अनुसार गर्नु/गराउनु हुन यस रैनादेवी छहरा गाउँपालिका हार्दिक अनुरोध गर्दछ।

तपसिल:

१) यस गाउँपालिकाको वडा नं. ३, भुवनपोखरीमा मिति २०७८/०१/१६ देखि २०७८/०१/२४ गते सम्म अत्यावश्यक सेवा बाहेक सम्पूर्ण गतिविधि गर्न बन्द गरिएको छ।

२) यस गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सम्पूर्ण सेवाहरू मिति २०७८/०१/१६ देखि २०७८/०१/२४ गते सम्म स्थगन गरिएको छ।

३) अत्यावश्यक पसलहरू(खाद्यान्न, तरकारी, ग्याँस) बिहान ७:०० देखि ९:०० बजे सम्म र सरकारी तथा निजि स्वास्थ्य संस्थाहरू नियमित रुपमा सञ्चालन गर्ने र अन्य व्यापार व्यवसाय २०७८/०१/१६ देखि २०७८/०१/२४ सम्म बन्द गर्ने।

४) अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन र निस्कनै परेको खण्डमा अनिवार्य मास्क र स्यानिटाइजरको प्रयोग गर्ने।